NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड
("A" class commercial bank licensed by Nepal Rastra Bank.)

Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal
2017, 2018, 2020 & 2021

च.नं. : एनएमबि/०८३/८४/२४६
मिति : २०८३/०७/२०

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

बिषय: वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा ।

महाशय,
उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०८३/०७/२० गते शुक्रबार दिनको ४:०० बजेदेखि बसेको सञ्चालक समितिको ५१९औं बैठकबाट बैंकको आर्थिक वर्ष २०८२/०८३ को ३१औं वार्षिक साधारण सभा मिति २०८३/०८/२५ गते (तद्नुसार डिसेम्बर ११, २०२६), शुक्रबार गर्ने र वार्षिक साधारण सभा तथा प्रस्तावित नगद लाभांश प्रयोजनका लागि बैंकको शेयर (साधारण तथा अग्राधिकार) दाखिल खारेज कार्य मिति २०८३/०८/११ गते एक दिन बन्द गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

नगद लाभांश प्रतिशत:

१) एनएमबि अविमोच्य असञ्चिति अग्राधिकार शेयर–८.२५% तर्फ : चुक्ता पूँजी रु.३,००,००,००,०००/– को ८.२५ प्रतिशत (कर प्रयोजनका लागि समेत) ।
२) साधारण शेयर तर्फ : चुक्ता पूँजी रु.१९,२८,५०,४१,२५७/२० को ७.०० (सात) प्रतिशत (कर प्रयोजनका लागि समेत) ।

शेयर दाखिल खारेज मिति (Book close Date) : २०८३/०८/११ गते ।

वार्षिक साधारण सभाको मिति : मिति २०८३ मंसिर २५ गते, शुक्रबार ।

साथै, वार्षिक साधारण सभामा संलग्न बमोजिमका प्रस्तावहरु पेश गर्ने संचालक समितिको बैठकले निर्णय गरेको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

.....
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

बोधार्थ :
१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार ।
३) श्री बैंक सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार ।
४) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।
५) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि., पुतलीसडक ।
६) श्री एनएमबि क्यापिटल लि., बालुवाटार ।

छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०८२/०८३ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गर्ने । (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत)

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम एनएमबि अविमोच्य असञ्चिति अग्राधिकार शेयर–८.२५% को शेयरधनीहरुलाई चुक्ता पूँजी रु.३,००,००,००,०००/- को ८.२५ प्रतिशतका दरले हुन आउने रु.१२,२०,५४,७९४/५२ (अक्षरेपी बाह्र करोड बीस लाख चौवन्न हजार सात सय चौरान्नब्बे र पैसा बाउन्न मात्र) नगद लाभांश (नगद लाभाँशको कर प्रयोजनका लागि समेत) (शेयर बाँडफाँड भएको मिति देखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रूपमा १८० दिनको) वितरण गर्न स्वीकृत गर्ने ।

५. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको वितरणयोग्य रकमबाट साधारण शेयरधनीहरुलाई चुक्ता पूँजी रु.१९,२८,५०,४१,२५७/२० को ७ प्रतिशतका दरले हुन आउने रु.१,३४,९९,५२,८८८/- (अक्षरेपी एक अरब चौंतीस करोड उनान्सय लाख बाउन्न हजार आठ सय अठासी मात्र) नगद लाभांश (नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

(ख) विविध ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड